**प्राज्ञिक विमर्श**, **वर्ष ७, अङ्क, १४, २०८२ असोज,** ISSN 2676–1297

# अश्वत्थामा हतोहतः नाटकमा स्वैरकल्पना

**❋उषा आचार्य**
acharyausha98@gmail.com

*अध्ययनसार*

*प्रस्तुत अध्ययनमा अविनाश श्रेष्ठको अश्वत्थामा हतोहतः नाटकमा प्रयुक्त स्वैरकल्पनाको विश्लेषण गरिएको छ। भेटान तोदोरोभ, रोजमेरी ज्याक्सन, मेल्डनसन, बोर्मनका स्वैरकल्पनासम्बन्धी अवधारणालाई आधार मानी विवेच्य कृतिको विश्लेषण गरिएको छ । यसका लागि पुस्तकालयीय अध्ययनका आधारमा सामग्री सङ्कलन गरी पाठविश्लेषण गरिएको छ। अविनाश श्रेष्ठको अश्वत्थामा हतोहतः नाटकमा महाभारत कथाका पात्र अश्वत्थामालाई मिथक बनाई उनले गरेको अपराध, कृष्णद्वारा श्रापित भई अभिशप्त जीवन बाँच्नुको विवशता, पश्चाताप, शरीरका विक्षिप्त घाउका माध्यमबाट वर्तमान युगको यथार्थ प्रस्तुत गरिएको छ। अश्वत्थामाको अमरत्वलाई स्वैरकल्पनाका रूपमा लिई विवेच्य नाटकमा मिथकीय घटनालाई आधुनिक समयमा उपस्थित गराई पौराणिक पात्र र वर्तमान युगका पात्रको संयोजनमार्फत अलौकिकताको सिर्जना गरिएको छ। महाभारत युद्धले निम्त्याएको परिणाम, अर्धसत्यले जन्माएको जीवनको विसङ्गत पाटो, शक्ति र सत्तामा रहनेले स्वार्थसिद्धिका निम्ति कमजोर वर्गमाथि गरेको शोषण, सत्तामोह, लालसाजस्ता मानवीय प्रवृत्तिको अभिव्यक्ति नाटकमा स्वैरकाल्पनिक शैलीमा गरिएको छ। अश्वत्थामा सशरीर उपस्थित हुनु, आफूमाथि कृष्णले अभिशाप दिएकाले हरेक युगको साक्षी बनी वर्तमानमा आइपुगेको बताउनु, द्रोणाचार्य, युधिष्ठिर, कृष्ण, विकर्ण द्रौपदीले पौराणिक समयको कथा जोड्दै सो घटना आज पनि उस्तै स्थितिमा रहेको अभिव्यक्ति दिनु, तिनकै भूमिका ग्रहण गरी किसान, दलाल, बुद्धिजीवी, उद्योगपतिले समकालीन युगको प्रतिनिधित्व गर्नु, अन्त्यमा पौराणिक मिथकीय पात्र वर्तमान युगका मानिसको प्रवृत्ति बनेर बाँचिरहेको अभिव्यक्ति दिनुजस्ता घटनाले नाटकमा मिथकीय सन्दर्भ, अलौकिकताको सिर्जना, शक्ति असन्तुलन, सत्ताप्रति प्रश्न, प्रतीकात्मकता प्रस्तुत गर्न सफल भएकाले यो नाटक स्वैरकाल्पनिक बन्न पुगेको निष्कर्ष यस अध्ययनको रहेको छ।*

**प्रमुख शब्दावली** : अतिकल्पना, अद्भुतता, आलङ्कारिकता, पहिचान, प्रतिरोध, प्रभुत्व।

## विषयपरिचय

अविनाश श्रेष्ठको अश्वत्थामा हतोहतः नाटकमा स्वैरकल्पनाको प्रयोग प्रस्तुत अध्ययनको मूल अनुसन्धेय विषय हो । प्रस्तुत अध्ययनको शीर्षकमा अश्वत्थामा हतोहतः र स्वैरकल्पना दुई पदावली रहेका छन् । मानव जीवनसँग सम्बद्ध विषयको कलात्मक, संवादात्मक र अभिनेयात्मक साथै समकालीन यथार्थको अभिव्यक्ति नाटक हो । त्यस्तै यथार्थको सीमा पार गरी कल्पनाशील संसारको निर्माण गर्ने साहित्यिक शैली स्वैरकल्पना हो जसले यथार्थ संसारको नियम उल्लङ्घन गरी अलौकिक संसारको निर्माण गर्दछ। यसरी हेर्दा नाटक र स्वैरकल्पना भिन्न देखिए पनि यी दुई बिच विशिष्ट सम्बन्ध रहेको हुन्छ।

आधुनिक नेपाली नाटकमा स्वैरकल्पना महत्त्वपूर्ण साहित्यिक प्रविधिका रूपमा प्रयोग हुँदै आएको पाइन्छ। उच्च कल्पना, अलौकिक तत्त्वको संयोजन, अविश्वसनीय घटना, अनौठा पात्र र तिनका कार्यव्यापारबाट यथार्थको अभिव्यक्ति स्वैरकल्पनाको मूल विशेषता हो । आधुनिक स्वैरकल्पना केवल मनोरञ्जनमा केन्द्रित नभई यसले सामाजिक संरचना, अन्याय, शक्ति असन्तुलन, मानवीय संचेतना, दर्शन, मानसिक प्रक्रियाजस्ता पक्षलाई विशिष्ट शैलीमा प्रस्तुत गर्दछ । प्रतीकात्मक रूपमा यथार्थ संसारसँग जोडिएर नयाँ संसारको निर्माण गर्नु स्वैरकल्पनाको विशिष्ट पक्ष हो। यसै वैशिष्ट्य प्रयोग गरी नेपाली नाटक लेखिँदै आएको देखिन्छ। मिथकीय घटना, पात्रको पुनसिर्जन गरी विसङ्गत जीवनका सामाजिक, राजनीतिक, मानवीय प्रवृत्तिको प्रकटीकरण गर्ने *अश्वत्थामा हतोहतः* नाटक स्वैरकल्पनाका दृष्टिले महत्त्वपूर्ण मानिन्छ।

प्रस्तुत नाटकमा अश्वत्थामालाई अमर, श्रापित र इतिहासको अन्त्यहीन साक्षीका रूपमा स्थापित गर्दै मिथकको पुनसिर्जनमार्फत स्वैरकाल्पनिक शैलीमा समकालीन यथार्थको प्रस्तुति गरिएको छ। यसमा अश्वत्थामाको अमरत्वलाई अलौकिक रूपमा प्रस्तुत गर्दै उनको थकित भौतिक शरीर विक्षिप्त मानसिक अवस्थाको अभिव्यक्ति गरिएको छ। यहाँ दिव्य अस्त्रको प्रयोगद्वारा अद्भुतता, त्रासदी सिर्जना गरी मिथकीय स्वैरकल्पनाका माध्यमबाट शक्ति, सत्ता र राजनीतिक यथार्थ र त्यसप्रति आलोचना गरिएको छ। यहाँ विशेषतः राजनीतिक, नैतिक, संवैधानिक मूल्यमाथि प्रश्न गर्दै वर्तमान समयको सामाजिक, राजनीतिक संरचना प्रस्तुत गरिएको छ। अश्वत्थामालाई विसङ्गति, पीडा, व्यथा, नियति, मानसिक विक्षिप्तताका अमर व्यक्तिमा प्रतिबिम्बन गरी वर्तमान युगका मानिसले भौंदै आएको

**❋लेखक अध्ययन-अनुसन्धानमा सक्रिय व्यक्तित्व हुन्।**

विसङ्गति र अस्तित्वबोधको स्थितिसमेत नाटकमा प्रस्तुत भएको देखिन्छ। प्रस्तुत नाटक मिथक, प्रतीकात्मक, समाजीय स्वैरकल्पनाजस्ता कोणबाट सबल देखिन्छ। तथापि यस कोणबाट कृतिको गहन विश्लेषण भएको नपाइएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ। प्रस्तुत अध्ययनमा विवेच्य नाटकमा अभिव्यक्त भएको मिथक, शक्ति असन्तुलन र त्यसमाथिको प्रश्न, प्रतीकात्मकता, अलौकिकताको सिर्जना पक्षलाई विश्लेषणको आधार बनाई तत्‌तत् पक्षमा प्रयुक्त  स्वैरकल्पनाको विश्लेषण गरिएको छ।

अविनाश श्रेष्ठको *अश्वत्थामा हतोहतः* नाटकको विषयवस्तुमा केकस्तो स्वैरकल्पनाको प्रयोग केकसरी गरिएको छ भन्ने प्रश्न नै प्रस्तुत अध्ययनको मूल अनुसन्धेय पक्ष हो र यही प्राज्ञिक समस्याको समाधान गर्नु अध्ययनको उद्देश्य रहेको छ। स्वैरकल्पनाका माध्यमबाट विवेच्य नाटकमा मिथक, समाजीय पक्ष, प्रतीकात्मकता र अलौकिकता पक्षको प्रस्तुतिलाई अध्ययनको केन्द्र बनाई यस अध्ययनमा *अश्वत्थामा हतोहतः* नाटकको विश्लेषण गरिएको छ। यस अध्ययनसँग सम्बद्ध प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय कार्यबाट गरिएको छ। यहाँ विश्लेष्य कृति *अश्वत्थामा हतोहतः* नाटक र स्वैरकल्पनासँग सम्बद्ध सिद्धान्तलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा प्रयोग गरी उद्धृत सामग्रीलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा समेत उपयोग गरिएको छ। स्वैरकल्पनासम्बन्धी प्राज्ञिक समस्याको समाधानका लागि मूलतः ज्वेतान तोदोरोब, रोजमेरी ज्याक्सन, अर्नेस्ट जी बोर्मनका अवधारणालाई पाठविश्लेषणको मूल आधार बनाइएको छ।

**सैद्धान्तिक पर्याधार**

असामान्य घटना र क्रियाकलापमार्फत स्थापित सत्य, आदर्श र यथार्थमाथि गरिने अतिक्रमण नै स्वैरकल्पना हो। यसले असम्भाव्य पक्षलाई अलौकिक तत्त्वको संयोजन गरी नयाँ संसार, नयाँ विचार र चेतनाको निर्माण गर्दछ। मानसिक तरङ्गमा बहँदै यथार्थको सीमा पार गरी अनौठो संसारमा प्रवेश गर्नु स्वैरकल्पनाको विशेषता भए तापनि यो प्रतीकात्मक रूपमा भने यथार्थ संसार र समकालीन समाजसँग सम्बन्ध राखेको हुन्छ। अथवा समाज र संस्कृतिनिरपेक्ष स्वैरकल्पना हुन सक्दैन। स्वैरकल्पनाले असम्भवमा पनि सम्भावना खोज्छ र यथार्थमा सम्भव नहुने कुरालाई स्वैरकाल्पनिक पाठमार्फत सम्भव तुल्याइदिन्छ। मेरियम वेबस्टर शब्दकोशले स्वैरकल्पनालाई मानसिक आवश्यकताको प्रतिक्रिया स्वरूप अवास्तविक, असम्भाव्य मानसिक छवि सिर्जना गर्ने शक्तिका रूपमा लिएको छ। अनौठो परिवेश, विकृत, अवास्तविक र डरलाग्दा पात्रको समावेश हुने साहित्य स्वैरकल्पनामूलक साहित्य भएको शब्दकोशमा उल्लेख छ।

स्वैरकल्पना अध्ययनको आरम्भ ज्वेतान तोदोरोभको *द फेन्टास्टिक : अ स्टक्चरल अप्रोच टु अ लिटेररी जनरा* नामक कृतिबाट भएको हो। तोदोरोभले यस कृतिमा स्वैरकल्पनाको संरचनात्मक अध्ययन गर्दै रहस्य, अद्‌भुतता, सन्देह, अचेतनको त्रासदीजस्ता पक्षमा जोड दिएका छन्। सामाजिक, सांस्कृतिक र मानसिक पक्षलाई स्वैरकल्पनाबाट अलग गर्न नसकिने मतस्वरूप रोजमेरी ज्याक्सनले *फेन्टासी लिटेरेचर अफ सभर्सन* पुस्तक लेखेको देखिन्छ। यस अध्ययनमा ज्याक्सनले सामाजिक सन्दर्भबाट बाहिर गएर स्वैरकल्पनाको बोध नहुने धारणा राखेकी छन् (ज्याक्सन, २००९, पृ.१)। उनले अद्‌भुतता, अचेतनको त्रासदी, भ्रम, द्विविधा, प्रतिरोधलाई स्वैरकल्पना सिर्जनाका कारक मान्दै सामाजिक, सांस्कृतिक, राजनीतिक आधारमा यसको व्याख्या गरेको देखिन्छ। यसै सन्दर्भमा मेल्डनसनले स्वैरकल्पनालाई राजनीतिक, सामाजिक चेतनाका रूपमा लिएकी छन् (मेल्डनसन, सन् २००८, पृ. ix xiv) भने बोर्मनले स्वैरकल्पनालाई अभिव्यक्ति कौशलसँग जोड्दै कुनै पनि विषय वा घटनाको रचनात्मक काल्पनिक व्याख्या स्वैरकल्पना भएको धारणा प्रस्तुत गरेका छन् (बोर्मन, २००१, पृ. ५)। प्रस्तुत अध्ययनमा उल्लिखित विद्वान्‌का सैद्धान्तिक अवधारणालाई केन्द्रमा राखी स्वैरकल्पनाअन्तर्गत मिथकीय सन्दर्भ, समाज, शक्ति, अस्तित्वबोध, प्रतीकात्मकता र अलौकिकताका आधारमा अविनाश श्रेष्ठको *अश्वत्थामा हतोहतः* नाटकको विश्लेषण गरिएको छ।

***अश्वत्थामा हतो हतः* नाटकमा मिथकीय सन्दर्भ**

*अश्वत्थामा हतो हतः* नाटकमा अश्वत्थामाको अपराध र कृष्णले उनलाई दण्डित गरेको विषयका माध्यमबाट वर्तमान युगका मानिसको आर्तनाद, अभिशप्त जीवन, अर्धसत्यका माध्यमबाट मानिसले भोग्नुपरेको विसङ्गत परिस्थितिको अभिव्यक्ति गरिएको छ। यस नाटकको आरम्भ र अन्त्य महाभारतकालीन परिवेशमा केन्द्रित छ भने मध्यभागमा वर्तमान युगको पृष्ठभूमि देखाइएको छ। पौराणिक पात्रका रूपमा अश्वत्थामा, कृष्ण, दुर्योधन, युधिष्ठिर, द्रोणाचार्य, द्रौपदी, विकर्ण मञ्चीय पात्रका रूपमा उपस्थित छन् भने दलाल, किसान, उद्योगपति, बुद्धिजीवी, प्रलोभन पात्रले वर्तमान समयको प्रतिनिधित्व गरेका छन्। पौराणिक पात्र आधुनिक पात्रमा रूपान्तरित हुने र तिनै

आधुनिक पात्र पुनः पौराणिक पात्रमा परिणत भई महाभारतकालीन घटना र वर्तमानको परिवेश, मानवजीवन, प्रवृत्ति समान गतिमा देखाउने स्थितिले विवेच्य नाटकमा मिथकको पुनर्सिजन गरेको छ । यहाँ पौराणिक र आधुनिक समयको सीमा मेटाएर एकै ठाउँमा पात्र र घटनाको अभिव्यक्ति गरिएको देखिन्छ ।

नाटकको आरम्भमा टाढा एकोहोरो शङ्खध्वनि, घोडाका टाप, रथ गुडेको आवाज र त्रासमिश्रित नरो वा कुञ्जरो वा, अश्वत्थामा हतोहतः भनेको सुनिन्छ । यसले प्राचीन वा महाभारत युद्धको सङ्केत गरेको छ । मञ्चमा विछिप्त देखिने पात्र अश्वत्थामा र कृष्णछायाको उपस्थिति हुन्छ । कृष्णले अश्वत्थामालाई उत्तराका गर्भमा ताकिएको ब्रह्मास्त्र फिर्ता लिन चेतावनी दिन्छन् भने अश्वत्थामाले त्यसको सिधै प्रतिवाद गरेको देखिन्छ । व्यासले भ्रूणहत्याको अपराध संसार रहुञ्जेल क्षम्य नहुने भएकाले ब्रह्माशिर प्रहार नगर्न दिएको चेतावनीसमेत अश्वत्थामाले उल्लङ्घन गरी उत्तराको गर्भमा भएको पाण्डवको अन्तिम वंशको अन्त्य गर्न खोजको सन्दर्भ नाटकमा आएको छ । ब्रह्मशिरको प्रहारपछि चट्याङ खसेको, आँधी बेहरी र अन्य प्राकृतिक प्रकोपको सङ्केत दिँदै निस्पट्ट अन्धकार छाएको त्रासद् अलौकिक परिवेश नाटकमा सिर्जित भएको देखिन्छ । नाबालक र भ्रूणहत्याको अक्षम्य अपराध गरेका अश्वत्थामालाई कृष्णले मणिहीन तुल्याई घाउ, खटिरा, अपराधबोध, घृणा सहेर अमर हुने अभिशाप दिन्छन् । युद्धको कारण, हिंसामा कृष्णको पनि उत्तिकै भूमिका रहेकाले आफूलाई अभिशाप दिनु अन्याय भएको अभिव्यक्ति दिँदै अश्वत्थामाले कृष्णले दिएको कलङ्क छातीमा बोकेर इतिहाससँगै बाँचिरहन अभिशप्त भएको बताएको देखिन्छ । यहाँ कौरव र पाण्डवबिचको युद्धमा अश्वत्थामा कौरवका पक्षबाट युद्ध गरेको, सो युद्धमा द्रोणाचार्य जीवित रहँदासम्म पाण्डवको विजय असम्भव भएकाले सत्यवादी युधिष्ठिरबाट अर्धसत्य बोलाई द्रोणाचार्यको हत्या गरेको ,सोही हत्याको बदला लिन अश्वत्थामाले पाण्डव वंशको विनाश गरेको, नाबालक र भ्रूणहत्याको अभियोगमा कृष्णले विक्षिप्त भई युगको घृणा सहेर अमर रहेने अभिशाप दिएको मिथकीय सन्दर्भबाट विवेच्य नाटक अगाडि बढेको देखिन्छ ।

विवेच्य नाटकमा पौराणिक मिथकका माध्यमबाट वर्तमान सामाजिक, मानवीय प्रवृत्ति, त्रासद विश्व, लोभ, लालसा र स्वार्थको आधिपत्य, अर्धसत्यबाट अभिशप्त मानिसको अवस्थाको प्रस्तुति गरिएको छ । यहाँ दुर्योधनको इच्छालाई सर्वोपरी मानेका कारण र दरिद्रता, पुत्रमोह, पारिवारिक समस्याका कारण ब्राह्मणधर्म त्यागी क्षेत्रीयवृत्ति अँगालेका द्रोणचार्य यही वृत्ति नै मानवताको संहार गर्ने निमित्त बन्न पुगेको अभिव्यक्ति दिन्छन् । धृतराष्ट्र र गान्धारीका बिसौँ पुत्र विकर्णले द्रौपदीमाथि अन्याय हुँदा भीष्म पितामह, विदुर, द्रोण, कृपाचार्य, कृतवर्मा सञ्जय मौन बसेको परिस्थितिमा दुर्योधनको अन्यायका विरुद्ध आवाज उठाएको प्रसङ्ग नाटकमा आएको छ । त्यस्तै सत्यवादी युधिष्ठिर वर्तमान समयमा सत्य सबैभन्दा निरर्थक उपकरण भएको अभिव्यक्ति दिँदै “संसार मलाई सत्यको प्रतीक ठान्ने गर्छ तर प्रत्येक युगमा सबैभन्दा बढी क्षतिग्रस्त यदि कोही भएको छ भने त्यो म हुँ ”(पृ.११५) भन्ने अभिव्यक्ति दिन्छन् । उनले अप्ठ्यारा स्थितिमा कृष्ण निर्णय बनेर आउँदा आफूले स्वविवेक एकातर्फ राखेर परिस्थितिको कुचक्रमा परी अर्धसत्य बोल्छु भन्दै महाभारत युद्धमा अश्वत्थामा मरेको झुटो खबर दिई द्रोणाचार्यको हत्या गरेको सन्दर्भलाई प्रस्तुत गरेको देखिन्छ । नाटकका अर्का पात्र कृष्ण जसले आफूलाई सत्य असत्यबाट टाढा, न्याय अन्यायबाट पर, ज्ञान अज्ञानको स्पर्शभन्दा अलग रहेको परिचय दिन्छन् उनै महाभारत युद्धमा पाण्डवका पथप्रदर्शक बनेर देखापरेको सन्दर्भ नाटकमा आएको छ । द्रौपदी स्वास्नीमान्छेको प्रतीकका रूपमा उपस्थित हुँदै पुरुष सञ्चालित व्यवस्थाको सिकार , घाइते, बलात्कृत, सर्वभोग्या नारीका रूपमा नाटकमा परिचय गराइएको छ । दुर्योधनलाई जुवामा जीवन अर्पण गर्ने पात्र वा जीवन नै जुवाको अर्को रूप मान्ने पात्रका रूपमा चित्रण गरिएको छ । नाटकका पौराणिक मिथकीय पात्रमा वर्तमान युगका मानिसको छवि देख्न सकिन्छ । द्रोणचार्य बुद्धिजीवीको नजिक, प्रलोभन द्रोपदी, किसानलाई विकर्ण, सत्यलाई युधिष्ठिर, दलाललाई कृष्ण र उद्योगपतिलाई दुर्योधनका प्रवृत्तिका साक्षी मान्न सकिन्छ । यसरी विवेच्य नाटकमा वर्तमान युगको आर्तनाद, मानिसको विक्षिप्त मनस्थिति, स्वार्थ, घृणा, हिंसा, युद्ध, लालसाको अभिव्यक्तिका निम्ति मिथकीय पात्रको प्रयोग गरिएको देखिन्छ ।

**अस्तित्वबोध**

*अश्वत्थामा हतोहतः* नाटकका पात्र विसङ्गति र अस्तित्वबोधको साँधमा सङ्घर्षरत देखिन्छन् । नाटकको प्रमुख पात्र अश्वत्थामा विसङ्गत जीवन बाँच्न अभिशप्त छन् । पौराणिक मिथकीय पात्र अश्वत्थामा वर्तमान समयमा अस्तित्वमा छन् या छैनन् भन्ने संशयमा आधुनिक युगका मानिस परे तापनि स्वयम् पात्र भने आफू वर्तमान समयमा अस्तित्वमा रहेको बोध गरेका छन् । “म बाँचिरहेछु । म चिरञ्जीवी पाप, म अमर यन्त्रणा, म असमाप्त अभिशप्त जिजीविषा (पृ.७४) भन्दै अश्वत्थामा पौराणिक युगदेखि आधुनिक युगसम्म हरेक युगको साक्षी बनी अभिशप्त, जिजीविषायुक्त जीवन बाँचेको घोषाणा गर्दछन् । महाभारत युगमा नाबालक र भ्रूणहत्याको दोषस्वरूप

मणिहीन भई युगयुगसम्म बाँच्न अभिशप्त अश्वत्थामा घाउ, खटिरा, पिप, घृणा र अभिशाप बोकेर मुक्तिका निम्ति पृथ्वीमा भड्किरहेको स्वैरकल्पना नाटकमा व्यक्त छ। अश्वत्थामा पौराणिक कथाका चरित्र मात्र हुन् वा वर्तमानमा चिरञ्जीवी छन् भन्ने वैज्ञानिक कारण नभए तापनि धार्मिक विश्वासमा भने उनी अस्तित्वमा रहेको मानिन्छ। विवेच्य नाटकमा अश्वत्थामा हरेक गल्लीमा जीवित रहेको अभिव्यक्ति उद्घोषणाका माध्यमबाट यसरी दिइएको छ -

> असङ्ख्य अर्धसत्य झेल्दै विसङ्गतिहरूसित जुझ्न प्रत्येक युगमा अश्वत्थामा देखापर्छन् । तर ती अश्वत्थामालाई हामी चिन्दैनौँ दर्शकवृन्द ती स्वयम् सताइएका हुन्छन् तर समयले प्रत्येक अभाव शोषणका घाउहरू तिनैलाई बोकाएर अभिशप्त तुल्याउँछ। तिनीहरू माथि नै अन्यायको वज्र खस्छ र तिनीहरू नै दण्डित हुन्छन्। आउनुहोस् दर्शकवृन्द हामी आजको संसारका गल्ली गल्ली टोल टोलका यस्ता उपेक्षित अश्वत्थामाहरूलाई खोजौँ (पृ.७४)।

यहाँ युधिष्ठिरको अर्धसत्यको सिकार भई सताइएको, दण्डित तुल्याइएको पौराणिक पात्र अश्वत्थामाजस्ता विसङ्गत जीवन झेल्दै बाँचेका मानिस चोकचोक र गल्ली गल्लीमा अस्तित्ववान भएको र ती अश्वत्थामा रहेको विचार अभिव्यञ्जित छ। अश्वत्थामाजस्तै अभिशप्त जीवन बाँच्ने प्रत्येक मानिस अश्वत्थामा हुन् भन्दै माथिको नाट्यांशमा स्वयम्मा सताइएका त्यस्ता मानिसमाथि नै दण्ड हुने, अन्याय हुँदै आएको कुरा यहाँ आएको देखिन्छ। भौतिक रूपमा अस्तित्ववान् अश्वत्थामामाथि संशय भए तापनि ती प्रत्येक मानिसभित्र प्रवृत्ति बनेर बाँचिरहेकाले अस्तित्वमा रहेको भाव नाटकमा पाइन्छ। विवेच्य नाटकमा अश्वत्थामामा विसङ्गति झेल्दै भए पनि आफू अस्तित्वमा रहेको बोध छ तर अन्य पात्रमा उनी महाभारतकालीन अश्वत्थामा हुन् वा होइनन् भन्ने आशङ्का देखिन्छ त्यसैले बुद्धिजीवी भन्छ "सबै मिथ्या, सबै झुटो कुरा। दन्त्यकथा र पुराण पनि कतै साँचो हुन्छ ? सबै अनर्गल प्रलाप। वाहियात, सबै वाहियात (पृ.८८)। अभिशप्त घाउ बोकेर इतिहासको प्रत्येक अनकन्टार टेक्न पुग्ने र प्रत्येक कालमा जान सक्ने आफू अभिशप्त चिरञ्जीवी अश्वत्थामा रहेको, अविश्वास, घृणा, शङ्का भोग्दै बाँच्नु आफ्नो नियति भएको भन्दै अश्वत्थामा भने आफू अस्तित्वमा रहेको अभिव्यक्ति दिन्छन्। आधुनिक युगका मानिस पनि अश्वत्थामा जस्तै विसङ्गत र अभिशप्त जीवन बाँच्न विवश भएको, अर्धसत्यको जालमा परी दण्डित बन्नुपरेको यथार्थ अवस्थामा अश्वत्थामाको छवि देख्न सकिन्छ।

वर्तमान युगका मानिस भौतिक प्रमाणमा विश्वास गर्छन्। अरूको अस्तित्व सजिलै स्वीकार गर्न सक्दैनन् जसका कारण विवेच्य नाटकका पात्र अश्वत्थामाको पनि अस्तित्व सहजै स्वीकार गर्न सक्ने स्थितिमा देखिँदैन। युगयुगसम्म अभिशाप बोकेर बाँचिरहे पनि अस्तित्वमाथि सन्देह गरिएकामा अश्वत्थामाले आफ्नो अस्तित्वबोध गर्दै "किन चाहियो प्रमाण ? म यहाँ साक्षात् सशरीर उभिएको छु, के यतिले पुगेन र ? क्षतविक्षत प्राचीन अङ्गप्रत्यङ्ग, घावैघाउ र पिपले भरिएको यो शरीर नै मेरो म हुनुका प्रमाण होइनन् र, तात ?" (पृ.९१) भन्छन्। घाउ, पिपले भरिएको विक्षिप्त शरीर लिएर विसङ्गतिभित्र बाँच्न विवश अश्वत्थामामा आफू सशरीर उपस्थित भएको अस्तित्वबोध छ। प्राचीन शरीरमा कहिल्यै निको नहुने घाउ बोकेर बाँच्न विवश अश्वत्थामाको मूल पहिचान सङ्कटमा परेको अवस्थामा मानिस एकातिर चिरञ्जीवी मानी पूजा गर्छन् भने अर्कातिर युद्ध, हिंसा, अन्याय, दानवीय प्रवृत्ति मानी घृणा। आराध्य र घृणाका बिचमा अश्वत्थामा अस्तित्वका निम्ति सङ्घर्षरत देखिन्छन्।

अश्वत्थामाका साथै विवेच्य नाटकमा महाभारत कालका द्रोणाचार्य, कृष्ण, विकर्ण, द्रौपदी, दुर्योधन, युधिष्ठिर हरेक युगमा भिन्नभिन्न रूपमा अस्तित्वमा छन् भन्ने भाव व्यक्त गरिएको छ। व्यक्तिका रूपमा नभई प्रवृत्तिका रूपमा अश्वत्थामा लगायतका पौराणिक पात्र आज पनि जीवित रहेको र हरेक युगमा अर्धसत्यबाट दण्डित, अभिशप्त भई अश्वत्थामाको जीवन बाँच्न विवश भएको भाव यहाँ आएको देखिन्छ। विवेच्य नाटकमा द्रौपदीका माध्यमबाट पुरुषसत्ताले निर्माण गरेको व्यवस्थाका कारण वर्तमान युगका नारी जातिले भोग्नुपरेको शोषण, अन्याय, बलात्कारजस्ता पक्षको प्रस्तुति गरिएको छ। द्रोणाचार्यले स्वविवेक प्रयोग नगरेका कारण उत्पन्न महाभारको हिंसा, कौरव पक्षको दानवीय प्रवृत्ति बढ्दै गएको समान स्थिति वर्तमान युगका बुद्धिजीवीको देखिन्छ भने आफ्नो स्वार्थ पूर्तिका निम्ति कमजोर र सोझाको शोषण गर्ने दुर्योधनको प्रवृत्ति उद्योगपतिमा देख्न सकिन्छ। सत्यको पक्ष लिने विकर्ण शक्तिविहीन भएजस्तै किसान, मजदुर, श्रमिक पनि गरिबी, अभावमा बाँच्न विवश देखिन्छन्। यसरी विवेच्य नाटकमा पौराणिक पात्रका प्रवृत्ति आधुनिक युगका मानिसको प्रवृत्ति बनेको साथै महाभारत कथा आजको विश्वमा यथार्थ बन्न पुगेको सन्दर्भमा यहाँका घटना र पात्रको मनस्थिति अस्तित्वमा रहेको निष्कर्ष निकाल्न सकिन्छ।

### शक्ति असन्तुलन र सत्तामाथि प्रश्न

विवेच्य नाटकमा पदासिन र शक्तिशाली व्यक्तिले सोझा किसान, श्रमिक, मजदुर वर्गमाथि अन्याय, शोषण गरी स्वार्थ सिद्ध गर्दै आएको यथार्थ स्वैरकल्पनाका माध्यमबाट प्रस्तुत गरिएको छ। यहाँ आएका पौराणिक मिथक

पात्र र आधुनिक युगका पात्र दुवै शक्ति र सत्ताको केन्द्रबाट निर्देशित देखिन्छन् । बल, शक्ति र शिवबाट प्राप्त अमरत्वको वरदानका कारण अश्वत्थामा शक्तिको केन्द्रमा पुग्दा नाबालक र भ्रूणहत्या गर्न पुग्छन् । सत्यको पक्ष लिने विकर्ण सत्ता र शक्तिबाट टाढा भएकै कारण किनारीकृत देखिन्छ । सत्तासिन भएकै कारण कौरव पक्षले द्रौपदीको शोषण गर्छन् भने कृष्ण शक्तिका रूपमा उपस्थित हुँदा पाण्डव शक्तिशाली बन्छन् । यसरी पौराणिक मिथकीय सन्दर्भमा शक्ति असन्तुलन र नायकीय जोखिम उच्च देखिन पुगेको छ । एक पक्ष सत्ता र शक्तिमा हुँदा त्यसको दुरुपयोग गर्ने र अन्यमाथि अन्याय गर्ने प्रवृत्ति पौराणिक मिथकमा पनि देख्न सकिन्छ भने किनारामा रहेका मानिसले सत्तामाथि प्रश्न गर्ने साथै अन्याय र कुप्रवृत्तिप्रति चेतावनी दिने काम भने गरेको देखिन्छ । अश्वत्थामाले नाबालक र भ्रूणहत्या गर्न खोज्दा कृष्णले दिएको चेतावनी अवज्ञा गरेकाले अभिशाप दिँदा अश्वत्थामाले आफूमाथि अन्याय गरेको, कृष्ण पनि सो युद्धको कारक भएकाले अन्यायको भागिदार आफूमात्र हुन नसक्ने भन्दै प्रतिरोध गरेको देखिन्छ । तथापि अश्वत्थामा कृष्णको अभिशाप लिएर बाँच्न अभिशप्त बन्छन् । यही मिथकीय सन्दर्भमा आधुनिक युगको शक्ति असन्तुलन र सत्तामाथि प्रश्नलाई नाटकमा देखाइएको छ ।

प्रस्तुत नाटकमा सत्ता र शक्तिको पहुँचमा बुद्धिजीवी, उद्योगपति, दलाल वा पुँजीपति वर्ग छन् भने किसान, मजदुर, श्रमिक सधैँ किनारीकृत देखिन्छन् । किसान शिक्षा, स्वाथ्य, सुविधाबाट वञ्चित छ भने त्यसकै फाइदा लिई विभिन्न प्रलोभन र आश्वासन देखाई उद्योगपतिले उसको जमिन आफ्नो बनाएर कारखाना खोल्न चाहन्छ । खडेरी परेकाले जमिन चिराचिरा पर्दा पनि राज्यको ध्यानाकर्षण हुन नसकेको, सिँचाइको व्यवस्था नमिलाइएको परिस्थितिमा बाँच्न पनि धौधौ भएको जीवनको दयनीय अवस्था किसानका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ -

> यहाँहरूलाई थाहै भएको कुरो हो म किसान हुँ । संसारका कुनै पनि गाउँमा मेरो र तपाईँको जम्काभेट हुन सक्छ । फरक यत्ति हो तेस्रो विश्वका मुलुकहरूमा म यस्तै प्राचीन उपकरणहरू प्रयोग गरिरहेको भेट्टिने छु भने विकसित मुलुकहरूमा मलाई ट्र्याक्टर चलाइरहेको, पम्पसेटनेर उभिएर निर्देश दिइरहेको देख्नुहुने छ । ... मेरो अर्को रूप पनि नअलग्गिने गरी मसित खप्टेको छ । म कारखानामा काम गर्ने निम्न आय वर्गको मजदुर पनि हुन सक्छु, सडकमा ढुङ्गा चुट्ने ज्यामी पनि । म रिक्सा ठेलागाढा, टेम्पो पनि हाँकिरहेको हुन्छु । पाले, पियन, दरबान वा चौकीदार भइरहेको पनि हुन सक्छु (पृ.७५) ।

यहाँ हरेक मुलुकमा किसान कडा श्रम गर्ने व्यक्तिका रूपमा देखा पर्ने, जुनसुकै देशमा पनि उनीहरू शक्तिको केन्द्रमा पुग्न नसक्ने भाव व्यक्त भएको छ । माथिको नाट्यांशमा किसान मजदुर, श्रमिक, ज्यामी वर्गको प्रतिनिधि पात्रका रूपमा उपस्थित भई शक्तिको केन्द्रबाट बाहिर रहेका मानिसको दयनीय आर्थिक अवस्था, अशिक्षा र सोझोपनको फाइदा लिई शक्तिशाली वर्गले गरेको शोषण, अधीनस्थतालाई प्रस्तुत गरिएको छ । निम्न आयमा कडा परिश्रम गर्न बाध्य मजदुर वर्ग कहिल्यै सत्ता र शक्तिमा पुग्न नसक्ने, सत्ता र शक्तिमा रहनेले उनीहरूको अभावमाथि राजनीति गर्ने प्रवृत्तिको प्रस्तुति यहाँ पाइन्छ । उद्योगपतिले किसानको जमिनमा कारखाना बनाउनका निम्ति दलालको सहायता लिई झुटो आश्वासन र प्रलोभन देखाएको छ । दलाल पनि उद्योगपतिको चाकरी गरी सम्पन्न बन्ने अभिलाषा राख्छ भने बुद्धिजीवी वर्गले आफ्नो विवेक प्रयोग नगरी पुँजीपति वर्गकै अधीनमा बस्न रुचाउँछ । दलालले ठेक्कापट्टा, गाडी किनबेच, पदोन्नति मिलाइदिएर कमिसन लिन्छ । यसरी नाटकमा शक्तिको केन्द्रमा पुँजीपति वर्ग पुगेको र अन्य मानिस शक्तिको भक्ति गर्न विवश रहेको अवस्थाको प्रस्तुति भएको छ ।

**प्रतीकात्मकता**

*अश्वत्थामा हतोहतः* नाटकमा पौराणिक घटनालाई आधुनिक सन्दर्भमा उपस्थित गराई त्यसका माध्यमबाट मानिसमा उत्पन्न मानसिक प्रतिक्रिया प्रस्तुत गरिएको छ । महाभारत युगको शक्तिशाली योद्धा अश्वत्थामाले गरेको अपराध र त्यसबाट पाएको दण्ड नै यस कथाको बीज हो भने यसका माध्यमबाट आधुनिक युगमा विसङ्गत जीवन बाँच्न अभिशप्त मानिसको अवस्थाको अभिव्यक्ति नाटकको मूल उद्देश्य देखिन्छ । महाभारत काल सत्य हो वा होइन, अश्वत्थामा चिरञ्जीवी छन् या छैनन् भन्ने प्रमाणित नभएको अवस्थामा वर्तमानका मानिस पनि अश्वत्थामाको जस्तै पीडा, अपराधबोध, युद्ध, अर्धसत्य झेल्न बाध्य भएका कारण अश्वत्थामा जीवित रहेको तर्क नाटकमा पाइन्छ । नाटकमा अश्वत्थामालगायत महाभारत युगका पात्र भौतिक रूपमा नभई प्रवृत्तिका रूपमा हरेक मानिसभित्र रहेको भाव प्रकट गरिएको देखिन्छ ।

नाटकमा वर्तमान युगको यथार्थ, शक्ति, जीवनको निरर्थकता, जिजीविषा, अस्तित्वबोधलाई प्रस्तुत गर्नका लागि विभिन्न प्रतीकको प्रयोग गरिएको पाइन्छ । नाटकको आरम्भमा बजेको शङ्खको ध्वनि, घोडाको टाप, रथको आवाजले युद्धको सङ्केत गरेको छ भने चीत्कार, क्रन्दन, भागाभाग, आवेग, पुकारले त्रासदी वातावरणको सिर्जना गरेका छन् । सुख्खा जमिन, त्यसमा अड्किएको किसानको हलो जीवनको निराशा, निरर्थकता, शून्यताको

अर्थबोधका निम्ति प्रयुक्त छन् । यसका साथै प्रस्तुत नाटकका पात्र आफैँमा प्रतीकात्मक देखिन्छन् । अश्वत्थामा विसङ्गति, क्रूरताको प्रतीक हुनन् भने दुर्योधन स्वार्थी, शोषकको प्रतीकका रूपमा उपस्थित देखिन्छ । धृतराष्ट्र स्वार्थमा लिप्त अविवेकी र सत्तालोलुपका रूपमा देखिएका छन् भने युधिष्ठिर सत्यवादी, धर्मराज भए पनि अर्धसत्यको सिर्जना गरी विध्वंश गर्ने पात्रको प्रतीकका रूपमा प्रस्तुत छन् । द्रौपदी पितृसत्ताबाट पीडित, शोषित नारी वर्गको प्रतिनिधि पात्र हुन् भने द्रौपदीको लाज हरण, पाण्डवको मौनता बुद्धिजीवीको अनदेखाजस्ता प्रवृत्ति अकर्मण्यताको प्रतीक बनेर नाटकमा आएका छन् । समग्रमा विवेच्य नाटकमा आएका पौराणिक पात्र, सन्दर्भले वर्तमान युगको मानवीय प्रवृत्ति, हिंसा, बलात्कारजस्ता पक्षको अभिव्यक्ति दिएका छन् ।

समग्रमा प्रस्तुत नाटकमा पौराणिक पात्रको पुनसिर्जन मात्र नगरी समकालीन समाज, राजनीति, युद्ध, मानवीय मनस्थिति र प्रवृत्तिको प्रस्तुति गरिएको देखिन्छ । यहाँ शङ्खलाई युद्ध, आँसुलाई पश्चताप, अश्वत्थामाको कहिल्यै निको नहुने घाउलाई मानिसको नियति र व्यथा, हतोहतः भनी राजनीतिक छल, युद्धको परिणाम र असत्य तथा अर्धसत्यले निम्त्याएको जीवनको अस्तित्वप्रति सङ्कट साथै स्वयम् अश्वत्थामालाई आत्मग्लानी, पश्चताप, हिंसाको कारकजस्ता प्रतीकका रूपमा लिइएको छ । यिनै प्रतीकका माध्यमबाट वर्तमान समयका मानिसको जीवन, चेतना, बुद्धि र मनस्थितिको प्रस्तुति स्वैरकाल्पनिक शैलीमा गरिएको छ ।

**अलौकिकताको सिर्जना**

*अश्वत्थामा हतोहतः* रहस्यपूर्ण नाटक हो जसमा अद्भुत पात्र, घटना, क्रियाकलापका माध्यमबाट अलौकिकताको सिर्जना गरिएको छ । पौराणिक मिथकमा आधारित यो नाटक लौकिक जीवनभन्दा परको संसारमा विचरण गरेको देखिन्छ । यहाँ पौराणिक र आधुनिक युगलाई एकै मञ्चमा प्रस्तुत गरी अद्भुत परिवेश निर्माण गरिएको देखिन्छ । मिथक र धार्मिक विश्वासमा मात्र जीवित कृण, अश्वत्थामा, पाण्डव, कौरव, द्रोणाचार्य, विकर्णजस्ता पात्रलाई भौतिक रूपमा उपस्थित गराई आधुनिक युगका किसान, उद्योगपति, बुद्धिजीवीसँग साक्षत्कार गराइएको छ भने प्रलोभन, आश्वासनजस्ता भावात्मक पक्षलाई भौतिक पात्रका रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

प्रस्तुत नाटकमा अश्वत्थामा कृष्णद्वारा श्रापित भई चिरञ्जीवी हुनु अलौकिकताको महत्त्वपूर्ण पक्ष हो । अश्वत्थामा कुनै एक युगमा सीमित नभई प्रत्येक युगको साक्षी बनेर आधुनिक युगमा आएको देखिन्छ जुन लौकिक रूपमा सम्भव नभएकाले अलौकिक बन्न पुगेको छ । यसका साथै महाभारत युगका अन्य पात्र पनि समय सीमा पार गर्दै वर्तमान युगमा प्रवेश गरी अद्भुतपन सिर्जना गरेका छन् । विवेच्य नाटक महाभारत सन्दर्भबाट सुरु भई सोही स्थानमा गएर टुङ्गिएको छ । महाभारत युद्धलाई आधुनिक मञ्चमा दृश्यवान् बनाउनु, अश्वत्थामाले उत्तराको गर्भमा प्रहार गरेको ब्रह्मास्त्रबाट जीवन गुमाएका अजन्मा बालकलाई कृष्णले पुनर्जीवन दिनु, ब्रह्मास्त्र प्रहार गर्दा प्रकृतिमा हलचल आउनुजस्ता अलौकिक घटना नाटकमा सिर्जित छन् । अश्वस्थामा कृष्णले दिएको अभिशाप बोकेर महाभारत युगदेखि आधुनिक युगसम्म बाँचिरहेको, युग परिवर्तन भइरहे पनि उनको जीवनमा सङ्गति पैदा हुन नसकेको सन्दर्भ नाटकमा अद्भुत बनेर आएका छन् । नाटकमा उद्योगपति, दलाल, कृषक बुद्धिजीवी फ्रिज बन्छन् र अश्वत्थामाले हात घुमाएपछि पुनः चल बन्न पुग्छन् । त्यस्तै सत्यको परिक्रमाबाट दृश्य फ्रिज बन्ने, उसले छोएपछि कसैले निकाल्न नसकेको जमिनमा अड्किएको हलो निस्कने, सत्यको अलौकिक शक्तिका कारण पात्र सचल बन्नेजस्ता अद्भुत क्रियाकलाप नाटकमा भएको देखिन्छ ।

*अश्वत्थामा हतोहतः* नाटकमा केवल सौन्दर्य सिर्जनका निम्ति अलौकिकताको प्रयोग नगरी दार्शनिक अभिव्यक्ति, मानवीय चेतनाको अवस्था चित्रणका लागि गरिएको देखिन्छ । अश्वत्थामाको अमरता, युगको अतिक्रमण, मिथकीय सन्दर्भका माध्यमबाट नाटकमा अलौकिकता सिर्जना भएको स्पष्ट हुन्छ ।

**निष्कर्ष**

*अश्वत्थामा हतोहतः* नाटकले मिथकीय पात्र अश्वत्थामाका माध्यमबाट युद्ध, शक्ति, नैतिक द्वन्द्व र सत्ताको आलोचना गरेको छ । मिथकीय कथावस्तुमा आधारित भई आधुनिक युगको सामाजिक, राजनीतिक, मानवीय प्रवृत्ति र शक्ति असन्तुलनजस्ता विषयमा विमर्श निर्माण गरेको विवेच्य नाटकमा अश्वत्थामाको अमरत्वलाई प्रतीक बनाई शक्ति र सत्तासीन व्यक्तिको निर्णयबाट निम्तिन सक्ने अकल्पनीय विनास, हिंसा, हत्या, मृत्यु र नैतिक सङ्कटलाई स्वैरकल्पनाको शैलीमा प्रस्तुत गरिएको छ । नाटकमा पौराणिक युगदेखि आधुनिक युगसम्म भएको शक्तिको असन्तुलित वितरण, सत्ता र शक्तिको केन्द्रमा हुनेले शक्तिहीन व्यक्तिलाई किनारीकृत बनाएको अवस्था र पुँजीपति वर्गले स्वार्थसिद्धिका निम्ति मजदुर, श्रमिक र किसान वर्गमाथि शोषण गर्दै आएको यथार्थको अभिव्यक्ति

भएको छ । पौराणिक पात्रलाई आधुनिक युगमा जीवित उपस्थित गराई प्रवृत्तिका रूपमा ती पात्र हरेक युगमा बाँचिरहेको अलौकिक सन्दर्भ नाटकमा प्रयुक्त छ जसले स्वैरकल्पनाको निर्माण गर्न पुगेको देखिन्छ। स्वैरकल्पनाका माध्यमबाट वर्तमान विश्वका मानिस पनि अश्वत्थामाजस्तै विसङ्गत, युधिष्ठिरजस्तै अर्धसत्य, दुर्योधनजस्तै स्वार्थ, द्रोणाचार्यजस्तै स्वविवेक प्रयोग नगर्ने, द्रौपदीजस्तै शोषित र विकर्णजस्तै किनारीकृत भई बाँच्न विवश भएको अभिव्यक्ति नाटकमा पाइन्छ । यसका साथै अश्वत्थामाले कृष्णको निर्णयप्रति गरेको प्रश्न, द्रौपदीले आफूमाथि भएको शोषणको अभिव्यक्ति र प्रतिरोधले सत्तामाथि प्रश्नसमेत गरेको स्पष्ट हुन्छ। यसरी विवेच्य नाटक मिथकीय आधारभूमिमा निर्मित भई वर्तमान युगको शक्ति असन्तुलन, सत्ता, स्वार्थ र त्यसप्रति प्रतिरोध, प्रतीकात्मकता, अलौकिकता साथै विसङ्गतिभित्र अस्तित्वको बोधजस्ता पक्षको अभिव्यक्ति गरिएकाले स्वैरकल्पनाका कोणबाट सबल देखिन्छ।

❖ विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

**सन्दर्भ सामग्रीसूची**

ज्याक्सन, रोजमेरी / Jackson, R. (2009). *Fantasy: The literature of subversion*. Routledge.

तोदोरोब, ज्वेतान/Todorov, T. (1973). *The fantastic: A structural approach to a literary genre* (R. Howard, Trans.). Cornell University Press.

बोर्मन, अर्नेस्ट जी./ Bormann, Ernest G (2001). *The Force of Fantasy Restoring the American Dream*. America: Southern Illinois University Press.

मेल्डनसन, फराह/ Meldonson . F (2008). *Rhetorics of Fantasy*. United States : Wesleyan University Press .

श्रेष्ठ, अविनाश (२०५०). *अश्वत्थामा हतोहतः* . काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।